संकट व्यवस्थापन केन्द्र (Crisis Management Center, CMC) भक्तपुरद्वारा प्रकाशित

कोभिड-१९ सम्बन्धी भक्तपुर जिल्लास्तरीय प्रतिकार्य

# बुलेटिन

बन्दाबन्दीको ४१ औं दिन

अंक ४

daobhaktapur.moha.gov.np

२०७७ बैशाख १५ - बैशाख २२

## कोरोना प्रतिरोधका लागि उपत्यकाका तीनवटै जिल्लाको संयुक्त बैठक सम्पन्न

### नियमित रुपमा सूचना एवं अनुभवहरु आदान प्रदान गरिने

मिति २०७७।०१।१७ गते काठमाडौं उपत्यकाका तीनवटै जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको संयुक्त बैठक वसी उपत्यका भित्रने नाकाहरुमा कोभिड १९ को परीक्षणका लागि लागि हेल्थडेस्क राखिने र नाकाहरुवाट भित्रिने यात्रुहरुको विस्तृत विवरण एक आपसमा आदान प्रदान गर्ने निर्णय भएको छ ।

काठमाडौंका प्रमुख जिल्ला अधिकारी जनकराज दाहालको संयोजकत्वमा ललितपुरका प्र.जि.अ श्री नारायण प्रसाद भट्ट र भक्तपुरका प्र.जि.अ श्री हुमकला पाण्डेलगायत तीनवटै जिल्ला सुरक्षा समितिका पदाधिकारीहरुको उपस्थितिमा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक बसी काठमाडौं उपत्यका भित्र कोरोनाको संक्रमण न्यूनीकरण तथा रोकथामको लागि Trace, Testing बढाउने र संक्रमण रोक्न प्रतिकार्य योजना बमोजिम प्रभावकारी रुपमा कार्य गर्ने निर्णय भएको छ । यस बैठकले कोरोना रोकथाम नियन्त्रण र उपचारका लागि आपसमा सहयोग र समन्वय गर्न तीनै जिल्लाका CMC (Crisis Management Center) को संयुक्त बैठक आयोजना गर्ने र कोरोना भाइरसको नियन्त्रण, रोकथाम, उपचारको क्रममा प्राप्त सूचना एवं अनुभवहरु एक अर्कामा आदान प्रदान गर्ने निर्णयसमेत गरेको छ ।

विकास निर्माणका कार्यहरुको संयुक्त रुपमा स्थलगत अनुगमन गर्ने, लकडाउनको अवस्थामा संचालनमा ल्याइएका विकास निर्माण, कृषिकार्य, आपूर्ति व्यवस्थापन सहजीकरण गर्ने निर्णय भएको छ । पालीकाहरुसँग सहयोग र समन्वयमा अत्यावश्यक स्वास्थ्य सामाग्रीको व्यवस्थापन, जनशक्ति व्यवस्थापन, क्वारेन्टिन निर्माण तथा व्यवस्थापन, एम्बुलेन्सको व्यवस्थापन, राहत सामाग्री वितरण सम्बन्धी काम गर्ने निर्णय गरिएको छ ।

**अन्तर जिल्ला सहयोग, समन्वय र सहजीकरणका लागि गरिने काम**

- **सूचना एवं अनुभवहरु आदान प्रदान गर्ने, पालीकाहरुसँग सहयोग र समन्वयमा कार्य गर्ने ।**
- **विकास निर्माणका कार्यहरुको संयुक्त रुपमा स्थलगत अनुगमन गर्ने ।**
- **कोरोना संक्रमण न्यूनीकरण तथा रोकथामको लागि Trace, Testing बढाउने**
- **नाकाहरुवाट भित्रिने यात्रुहरुको विवरण एक आपसमा आदान प्रदान गर्ने ।**
- **तीनै जिल्लाका Crisis Management Center को संयुक्त बैठक आयोजना गर्ने ।**
- **औषधी उपकरण, स्वास्थ्य सामाग्री, अत्यावश्यक वस्तुको आपूर्ती व्यवस्थापन गर्ने ।**
- **उपत्यका भित्रने नाकाहरुमा हेल्थडेस्कको व्यवस्था गर्ने ।**
- **प्रत्येक महिना घुम्ती प्रणालीका आधारमा अन्तर जिल्ला सुरक्षा समन्वय बैठक गर्ने ।**
- **लकडाउनमा संचालित विकास निर्माण, कृषिकार्य, आपूर्ति व्यवस्थापन सहजीकरण गर्ने ।**
- **संक्रमणको Transmission रोक्न प्रतिकार्य योजना बमोजिम प्रभावकारी रुपमा कार्य गर्ने ।**

## सिकाई आदनप्रदानको माध्यम बन्दैछ, बुलेटिन

संकट व्यवस्थापन केन्द्र भक्तपुरले २०७६ साल चैत्र ३० गते यस बुलेटिनको पहिलो अंक प्रकाशन गरेको थियो । साप्ताहिक रुपमा प्रकाशन गरिँदै हाल चौथो अंक आइपुग्दा १२ वटा जिल्लाले यस्तै बुलेटिन प्रकाशन गर्नु हाम्रो लागि अत्यन्त खुशिको विषय वनेको छ । जिल्लाहरुमा कोभिड १९ रोकथामको अवस्था र सिकाइ आदनप्रदान गर्ने ससक्त माध्यमको रुपमा बुलेटिन स्थापित हुँदै गएको छ । कोरोना भाइरसको संकट विद्यमान रहेकै अवस्थामा बर्षात सुरु हुनुले झनै चुनौती थपिएको छ । यस्तो अवस्थामा सवैले सहयोगी मनका साथ सरकारका निर्देशन र सल्लाहको पूर्ण पालन गर्ने र विपद्को पूर्वतयारी गर्नेवाट मात्र यस्ता चुनौतिलाई सामना गर्नुपर्ने हुन्छ । यसका लागि सवैबाट सतर्कताका साथ सचेत एवं सार्थक प्रयास भइरहेको छ । बन्दाबन्दीको समयमा जिल्लावासीले देखाउनुभएको सहयोग र धैर्यताको उच्च कदर गर्दै सामाजिक दुरी कायम गर्न र संक्रमणबाट वच्नका लागि फेरी पनि हार्दिक अनुरोध छ । बुलेटिनमा प्रकाशित सामग्रीहरुको वारेमा कुनै राय सुझाव वा सल्लाह भएमा उपलब्ध गराइदिनुहुन हार्दिक अनुरोध छ । daobhaktapur@gmail.com Viber or SMS 9840177327

## प्रवेश नाकाहरुमा हेल्थडेस्क राखिने

बन्दाबन्दीको अवस्थामा काठमाण्डौं उपत्यका भित्रिने अत्यावश्यक वस्तु र सेवा ढुवानीमा प्रयोग भएका सवारी साधनबाट काठमाण्डौं प्रवेश गर्ने चालक, सहचालकलगायतका व्यक्तिहरुको प्रवेश नाकाहरुमा स्वास्थ्य परीक्षण गर्ने व्यवस्था मिलाउन गृह मन्त्रालयबाट निर्देशन प्राप्त भएसंगै यसको प्रकृया अगि वढेको छ । उपत्यका भित्रने नाकाहरुमा स्वास्थ्य डेस्क स्थापना गरी त्यस्ता व्यक्तिहरुको परीक्षण गरिने र कोभिड १९ नभएको यकिन गरेर मात्र निजहरुलाई प्रवेश अनुमती प्रदान गर्ने व्यवस्था मिलाइने भएको हो।

# संकट व्यवस्थापन केन्द्र, CMC को पाँचौ बैठक सम्पन्न

## बर्षातको संकट सामना गर्न पूर्व तयारी गरीने, विकास निर्माणका लागि सहजीकरण गरिने

मिति २०७७।१।१८ गते श्रीमान प्रमुख जिल्ला अधिकारी हुमकला पाण्डेज्यूको संयोजकत्वमा जिल्लास्तरीय Crisis Management Center (CMC) भक्तपुरको पाँचौ बैठक बसि कोभिड १९ रोकथामको हालको अवस्थाको समीक्षा गर्दै कृषि उपज विउ बिजन मल/विकास व्यवस्थापन र सहजिकरणलगायत विषयमा छलफल गर्दै विभिन्न निर्णयहरु गरेको छ ।

यस बैठकमा जिल्ला समन्वय समिति भक्तपुरका अध्यक्ष तथा CMC सल्लाहाकार श्री नवराज गेलाल प्रमुख सेनानी श्री शिव प्रसाद पौडेल, प्रहरी उपरिक्षक श्री सविन प्रधान, सशस्त्र प्रहरी उपरिक्षक श्री विश्वकुमार भट्टराई, उप अनुसन्धान निर्देशक श्री सुरेन्द्र कोइराला, सहायक प्र.जि.अ. श्री दिलिपप्रसाद लामिछाने, मेडिकल सुपरिटेण्ड डा. सुमित्रा गौतम र कार्यालय प्रमुख (स्वास्थ्य कार्यालय भक्तपुर) श्री कृष्णबहादुर मिजार सम्मिलित रहनुभएको थियो ।

**निर्णयहरु**

१. गृह मन्त्रालयको च.नं. २१३१ र च.नं. ३६८० मिति २०७७।०१।१७ को पत्रमा निर्देशन भए अनुसार पूर्ण पालना गर्ने ।

२. भक्तपुर जिल्लामा लकडाउनको पालना भएको समीक्षा गर्दै जिल्ला प्रशासन कार्यालयले वितरण गरेको पहेलो पास वितरण रोकी तोकिएको मापदण्डको आधारमा ई-पासबाट मात्र सवारी अनुमति पत्र दिने ।

३. भक्तपुर अस्पताल (कोभिड-१९ हब अस्पताल) बाट हिजोसम्म ५१५ जनाको परीक्षण गरिएको (PCR २०१, RDT ३१४), १३ जनाको रिपोर्ट आउन बाँकी बाहेक सवैको रिपोर्ट नेगेटिभ आएको, आइसोलेसनमा कोही नरहेको र अन्य स्वास्थ्य उपचारका सेवालाई पनि निजि तथा सरकारी अस्पतालबाट निरन्तरता दिन पहल गर्ने ।

४. कृषि उपज बिक्री वितरणको लागि सो क्षेत्रमा संलग्न व्यक्तिहरूलाई सवारी पास उपलब्ध गराइएकोमा अब उप्रान्त समय तोकी मल,बिउ, कृषि उपज उपलब्ध गराउने सहकारीहरूलाई सहज रुपमा सेवा प्रवाह गर्न अनुमति दिने ।

५. जिल्लाका विकास निर्माण व्यवस्थापनलाई सहज तुल्याउन स्थानीय तहसँग समन्वय गरी आवश्यक सहजीकरण गर्ने । सोको लागि बैशाख २१, २२ र २३ गते क्रमशः मध्यपुर, सुर्यविनायक र चाँगुनारायण नगरपालिकासँग छलफल गर्ने ।

६. मौसमको परिवर्तनसँगै उत्पन्न हुने बाढी, पहिरो, महामारी जस्ता चुनौतीहरूको सामना गर्न सबै सरोकार निकायहरूको समन्वयमा पूर्व तयारी गर्ने ।

## पास विना सवारीको आवागमन पूर्ण निषेध

कोभिड-१९ को संक्रमणबाट सुरक्षित रहनको लागि नेपाल सरकारबाट जारी भएको लकडाउन आदेश कार्यान्वयनमा रहेको हुँदा सवारी साधनको आवागमन व्यवस्थापन गर्न गृह मन्त्रालयको च.न. ३६५४ मिति २०७७/०१/१५ को अत्यन्त जरुरी निर्देशनसमेत प्राप्त भएको छ ।

यसैले लकडाउनको अवधिमा जिल्ला प्रशासन कार्यालयबाट जारी भएको सवारी पास विना कुनै पनि सवारी साधनहरु आवागमन गर्न नपाउने हुँदा सवारी पास विना कुनै पनि प्रकारका (दुई पांग्रे, चार पांग्रे, साना ठूला सबै) यात्रुबाहक सवारी साधनको आवागमन कडाइका साथ पूर्ण रुपले निषेध गरिएको छ ।

यसका साथै सवारी पास जारी गर्दा 'अत्यावश्यक सेवा संचालनमा प्रयोग हुने सवारी साधनका लागि जारी हुने सवारी साधन अनुमति पत्र सम्बन्धी कार्यविधि, २०७६' बमोजिम मात्र सवारी पास जारी गरिने हुँदा अनावश्यक रुपमा टेलिफोन सम्पर्क र अनलाईन दरखास्त नगरी लकडाउनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउन हुनसमेत अनुरोध गरिएको छ ।

सवारी साधन अनुमतिपत्र सम्बन्धी कार्यविधि २०७६ अनुसार

### आवागमन गर्दा अनुमतिपत्र आवश्यक नपर्ने

सवारी साधन तथा व्यक्तिहरु

१. एम्बुलेन्स, शवबहान, दमकल ।
२. झण्डावाल सवारी ।
३. कूटनीतिक उन्मुक्ति तथा सुविधा प्राप्त नियोग, व्यक्ति तथा संघ/संस्थाहरु ।
४. प्रेस पास प्राप्त सञ्चारकर्मीहरु ।
५. स्वास्थ्य सेवामा खटिएका चिकित्सक, नर्स, फार्मासिस्ट, प्रयोगशालामा कार्यरत प्राविधिक, अस्पतालमा कार्यरत अन्य कर्मचारीहरु, औषधि उत्पादन ढुवानी र बिक्रि बितरणमा संलग्न हुने जनशक्तिहरु ।
६. खानेपानीको मर्मत सम्भार र बितरणमा संलग्न जनशक्ति ।
७. फोहोरमैला व्यवस्थापनमा परिचालित जनशक्ति।
८. ठूला खाद्य स्टोरमा कार्यरत जनशक्ति ।
९. अत्यावश्यक वस्तु तथा सेवा ढुवानी गर्ने मालबाहक सवारी साधनहरु।

जरो आउने, खोकी लाग्ने र फ्लु जस्तो देखिने लक्षण भएमा स्वास्थ्यसंस्थामा तुरुन्त सम्पर्क गरौं

संकास्पदा विरामीलाई RDT बिधिबाट चेकजाँच गरी तुरुन्त रिपोर्ट प्राप्त गर्न सकिन्छ ।

# अत्यावश्यक कामका लागि मात्र ई-पास स्वीकृत हुने

विश्वव्यापी रुपमा फैलिएको नोवेल कोरोना (COVID-19) भाइरस को महामारीबाट बच्न नेपाल सरकारले जारी गरेको लकडाउनलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्न र आम जनजीवनलाई सहज बनाउन सवारी पास गरिदै आएको छ ।

जिल्ला प्रशासन कार्यालय, भक्तपुरले अत्यावश्यक प्रयोजन (मृत्यु संस्कार, नियमित डायलासिस गर्नु पर्ने मृगौलाको बिरामी, किमोथेरापी दिनु पर्ने क्यान्सरका बिरामी, दिर्घ रोगी, बालबालिका तथा फरक क्षमता भएका व्यक्तिको हेरचाहका लागि जानुपर्ने व्यक्तिलगायत) को लागि मात्र ई-पास स्वीकृत गर्ने भएको हुँदा अनावश्यक रुपमा अनलाईन दरखास्त नगरी लकडाउनलाई प्रभावकारी बनाउने कार्यमा सहयोग पुर्याउन हुन अनुरोध छ ।

ई-पास लिनका लागि अनलाईन आवेदन दिनुपर्ने र सो को जानकारी मोवाइल मै प्राप्त हुने हुँदा कार्यालयमा स्वंयम उपस्थित हुनु नपर्ने तर औचित्य पुष्टि गर्ने कागजात भने पेश गर्नु पर्दछ ।

## ई पास आवेदन गर्ने तरिका

**१ मोवाइल वा कम्प्यूटरबाट epass.moha.gov.np खोल्ने**

मोवाइलबाट 1112 मा SMS पठाएर पनि यो लिङ्क प्राप्त गर्न सकिन्छ

**२ अनुरोधकर्ता, सवारी साधन, अवधिलगायत सवै विवरण भर्ने**

परिचयपत्र, औचित्य पुष्टि गर्ने कागजात (जस्तैः अस्पतालको कागजात, कार्यालयको पत्र, मृत्यु खुल्ने कागजात वा तस्वीर, सम्बन्धित स्थानीय तह को सिफारिस, अस्पतालको रेफर/ डिस्चार्ज पेपर / चिकित्सकको सिफारिस पत्र ।

**३ I am not robot मा चिन्ह लगाउने र बुझाउनुहोसमा थिच्ने**

Dear applicant we have received your request for pass, we shall notify you with your status shortly. Your submission code is .xxxxxxx भन्ने Message आउँछ

### स्वीकृत भएमा आउने SMS को नमूना

Dear सिताराम पोखरेल, your COVID-19 e-pass is 373524. Type: स्वास्थ्य सेवा, Area: भक्तपुर (बिरामी लैजाने प्रयोजनका लागि मात्र), Valid till: 2077-1-25, Vehicle: चार पांग्रे (बा १ च ४३३ | with १ people-(सरिता श्री पोखरेल)

### अस्वीकृत भएमा आउने SMS को नमूना

कागजात अपुग अथवा पास आवश्यक नदेखिएको कारण स्वीकृत भएन

(वा अन्य कारण खुलेको SMS)

जिल्ला प्रशासन कार्यालयले पास वितरण मापदण्डको आधारमा पास दिने/नदिने निर्णय गर्नेछ । यसको लागि कुनै फोन सम्पर्क आवश्यक छैन ।

## e-pass पास चेक गर्ने तरिका

मोवाइलको म्यासेज बक्समा गई *V code number* राखी १११२ मा SMS गर्ने → जारी भएको पासको विस्तृत विवरण प्राप्त हुन्छ → प्राप्त विवरणअनुसार सवारी/मानिसको Verify गर्ने

### ई-पासका लागि भर्नुपर्ने विवरण




सवारी साधन प्रयोगकर्तासँग अनिवार्यरुपमा सम्बन्धित निकायबाट जारी गरिएको आफ्नो कर्मचारी परिचयपत्र साथमा हुनुपर्नेछ ।
सुरक्षाकर्मी तथा सम्बन्धित कर्मचारीले माग गरेको अवस्थामा औचित्य पुष्टि गर्ने प्रमाण/कागजातसमेत देखाउनुपर्ने छ ।

## मनसुन पूर्व तयारीका लागि जिल्लास्थित सरकारी निकाय, मानवीय सहायता गर्ने संघ सस्थाहरुमा

## जिल्ला विपद् व्यवस्थापन समितिको हार्दिक अनुरोध

बर्षायामको मौसम सुरु भइसकेको अवस्थामा मनसुनका कारण हुन सक्ने बाढी, पहिरो एवं डुवान जस्ता प्रकोपबाट मानवीय एवं भौतिक क्षति कम गर्न मनसुन पूर्वतयारीमा जुट्नुपर्ने अवस्था आइसकेको छ । विश्वव्यापी रुपमा रहेको कोरोना भाइरसबाट सृजित यस संकटको यस घडीमा प्राथमिकताका साथ मनसुन पुर्वतयारीमा लाग्न देहाय वमोजिमका कार्यहरु गर्न गराउन सवैमा हार्दिक अनुरोध छ।

१. भक्तपुर जिल्लास्थित सवै सरकारी निकाय एव संघ संस्थाहरुले आफूसंग रहेका खोज, उद्दार र राहतका उपकरण तथा सामग्रीको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।

२. जिल्ला स्थित सबै स्थानीय तहहरुले अनिवार्य रुपमा विपद् पूर्वतयारी एवं प्रतिकार्य योजना बनाउने र सो अनुसार कार्यान्वयन गर्नु हुन ।

३. स्थानीय स्तरमा विपद् व्यवस्थापन समिति गठन नभएको भए अविलम्ब गठन गर्नु हुन ।

४. स्थानीय विपद् व्यवस्थापन कोष नबनाएको भए कोष स्थापना गर्नुहुन र कोषको विवरण जिल्ला प्रशासन कार्यालयमा उपलब्ध गराइदिन हुन ।

५. जिल्ला स्थित सुरक्षा निकाय, स्थानीय रेडक्रसलगायत संघ, संस्थासँग रहेका खोज उद्दार तथा राहत सम्बन्धी सामग्रीहरुको बिबरण अविलम्ब उपलब्ध गराइदिन हुन ।

## जगातीबाट उपत्यका प्रवेश गर्नेहरुको विवरण संकलन

काठमाडौं उपत्यकाको पूर्वी नाका जगातीबाट दैनिक रुपमा विभिन्न कारणले उपत्यका भित्रिने चालक तथा यात्रुहरुको विवरण संकलन गर्न जगातीमा २०७७ बैशाख १७ गतेदेखि COVID-19 Help Desk स्थापना गरिएको छ । जिल्ला प्रशासन कार्यालयको संयोजनमा स्थापना गरिएको उक्त डेस्क, जिल्लास्थित सुरक्षा निकायले जिल्ला स्थास्थ्य कार्यालय र नेपाल रेडक्रस सोसाइटी समेतको सहयोगमा संचालनमा रहेको छ ।

उपत्यका प्रवेश गर्ने एउटा मुख्य नाकाको रुपमा रहेको जगाती चेकपोष्टलाई यस डेस्कले थप मजबुद बनाएको छ । हेल्प डेस्कको स्थापना पश्चात् यहाँबाट हरेक सवारी साधन Disinfect गर्ने, प्रत्येक चालक तथा यात्रुहुरुको शरिरको तापक्रम जाँच गर्ने र विवरण संकलन गर्ने कार्य भैरहेको छ । यसका अतिरिक्त, कुनै पनि व्यक्तिको शारिरको तापक्रम १००.४ डिग्री फ्यारेनहाइटभन्दा बढी पाइएमा निजलाई केही समय छुट्टै राखी पुन: तापक्रम जाँच गर्ने र दोश्रो पटक पनि बढी नै पाइएको खण्डमा भक्तपुर अस्पतालसँग समन्वय गरी उपचारको लागि अस्पताल पठाउने व्यवस्था मिलाइएको छ । डेस्कले संकलन गरेको मानिस भित्रिएको विवरणहरु आवश्यकताअनुसार जिल्ला प्रशासन कार्यालय काठमाडौं र ललितपुरलाई उपलब्ध गराइनेछ ।

### राहत वितरण वडावाट मात्र गर्नहुन सूचना सम्बन्धित सवैमा सूचना

मिति २०७६।१२।१६ गते माननीय गृहमन्त्रीज्यूको अध्यक्षतामा बसेको बैठकद्वारा "कुनै निकाय/ संघ/ संस्था/ व्यक्तिले सहायता दिन चाहेमा सम्बन्धित स्थानीय तहमा सम्पर्क गर्नु पर्ने । स्थानीय तहले तोकेको मापदण्ड अनुसारको सहयोग सामग्रीहरु भएमा मात्र स्थानीय तहले स्वीकार गरी वडास्तरीय समितिमार्फत वितरण गर्ने । सो को विवरण अनिवार्य रुपमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा पठाउने ।" भनी निर्णय गरिएको हुँदा कुनै पनि निकाय/ संघ/ संस्था/ व्यक्तिले स्थानीय तहसँग सम्पर्क र समन्वय नगरी आफुखुशी सहयोग सामग्री वितरण नगर्न हुन यो सूचना प्रकाशित गरिएको छ । आफुखुशी वितरण गरेको पाइएमा कानुन बमोजिम कारवाही हुने व्होरा जानकारी गराइन्छ ।

सामाजिक दूरी कायम गरौं, कोरोनाबाट सुरक्षित रहौं

**खाद्यबस्तु, तरकारी आदि खरिद तथा बिक्रीमा संलग्न हुँदा निश्चित दूरी कायम राखी व्यवहार गर्नुहुन सबैमा हार्दिक अनुरोध छ ।**

### संकटको समयमा सम्पर्क गर्न सकिने महत्वपूर्ण सम्पर्क नम्बरहरु

**समन्वय र सुरक्षा**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला प्रशासन कार्यालय | प्र.जि.अ. हुमकला पाण्डे | ६६१४४३७ | ९८५१२१७७७७ |
| जिल्ला प्रशासन कार्यालय | स.प्र.जि.अ.दिलिप प्र. लामिछाने | ६६१५५९५ | 9840108524 |
| विरदल गण सुर्यविनायक व्यारेक | गणपति शिबप्रसाद पौडेल | ५०९२२७५ | 9851159188 |
| महानगरिय प्रहरी परिसर भक्तपुर | प्र.उ. सबिन प्रधान | ६६१७१३१ | ९८५१२१५५५५ |
| सशस्त्र प्रहरी बलनं.२२ | स.प्र.उ. विश्व कुमार भट्टराई | 5144510 | ९८५१२७२०३४ |
| रा. अनुसन्धान जिल्ला कार्यालय | उ.अ.नि. सुरेन्द्र कोइराला | ६६१८७७७ | 9851174546 |

**अस्पताल**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर अस्पताल | मे.सु. डा.सुमित्रा गौतम | ६६१४४३० | ९८५८०२३०४७ |
| स्वास्थ्य कार्यालय भक्तपुर | का.प्र. कृष्णबहादुर मिजार | ६६१६०१० | 9841884419 |
| शहीद धर्मभक्त रा.प्रत्यारोपण केन्द्र | का.प्र. डा.पुकार चन्द्र श्रेष्ठ | ६६१४७०९ | ९८५१११५१३६ |
| जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | आ.चिकित्सक नदन कँडेल | ६६१२०८८ | 9851185728 |

**एम्बुलेन्स**

| चालकको नाम थर | फोन नं. | एम्बुलेन्सको धनी (निकाय) |
|---|---|---|
| कोरोना विशेष | | |
| पुण्य खत्री/राजन बासुकला | 9851082799 | भक्तपुर नगरपालिका |
| बुद्ध कृष्ण बाग | 9841257048 | मध्यपुर ठिमी नगरपालिका |
| केशवराज थापा | 9841395199 | सुर्यविनायक नगरपालिका |
| शिवहरी अधिकारी | 9851241809 | चाँगुनारायण नगरपालिका |
| अरुन सैजु | ९८५१०७११३९ | भक्तपुर अस्पताल |
| भक्तपुर नगरपालिका | | |
| मिलन पुरी | 9849857332 | नेपाल रेडक्रस सोसाईटी भक्तपुर |
| केशवराज थापामगर | 9841257892 | जिल्ला समन्वय समिति |
| भिमसेन गेलाल | 9860171552 | भक्तपुर क्यान्सर अस्पताल |
| लक्ष्मण श्रेष्ठ | 9860025333 | डा. ईवामुरा अस्पताल |
| रकि दुवाल/रमेश कुस्मा | 9851018177 | मानव अंग प्रत्यारोपण केन्द्र |
| कृष्ण राम कोजु | 9840256350 | भक्तपुर अस्पताल |
| मध्यपुर थिमी नगरपालिका | | |
| कृष्ण चन्द्र श्रेष्ठ | 9841257048 | नेपाल कोरिया मैत्री अस्पताल |
| नविन परियार सानुकाजी श्रेष्ठ | 9851133613 | मध्यपुर अस्पताल |
| दिपक घजु | 9851133797 | नागरिक सामुदायिक अस्पताल |
| सुर्यविनायक नगरपालिका | | |
| लक्ष्मी भक्त ह्याङ्गजु | 9843559090 | नेपाल रेडक्रस सोसाइटी ननिलन्चोक |
| भिमबहादुर खत्री | 9843633744 | सुडाल ब्रह्मायणी विकाश केन्द्र |
| राकेश राजथला | 9741323296 | अखण्ड सेवा समिति |
| श्रीकृष्ण खड्का | 9841477794 | ग्रामिण विकाश पुर्वाधार केन्द्र |
| चाँगुनारायण नगरपालिका | | |
| विवेक लामिछाने | 9841233600 | नेपाल रेडक्रस सोसाईटी नगरकोट |
| दिपक थापा | 9741233815 | नेपाल रेडक्रस ताथली शाखा |
| उत्सव के.सी. | 9849424813 | चाँगुनारायण प्राथमिक स्वास्थ्य केन्द्र |
| प्रकाश गजुरेल | 9841466550 | काठमाडौं क्यान्सर सेन्टर |
| लक्ष्मण भुट्ट | 9860335944 | हरिणाम संक्रिटन सेवा समिति |

# क्वारेन्टिन, आइसोलेसन, आइसियू र भेन्टिलेटर तयार

भक्तपुर जिल्लामा कोभिड-१९ को तयारीस्वरुप हालसम्ममा ३ वटा क्वारेन्टिनस्थल तयार गरिएको छ । नेपाल विदयुत प्राधिकरण खरिपाटी, कृषि तालिम केन्द्र बोडे र खानेपानी तालिम केन्द्र तेलकोटमा क्वारेन्टिनस्लमा गरी २९९ बेड, तयार गरिएको हो ।

| अस्पताल | आइसोलेसन | भेन्टिलेटर | आइसियु |
|---|---|---|---|
| काठमाडौ मेडिकल कलेज | 15 | 2 | 10 |
| भक्तपुर अस्पताल | 10 | 2 | |
| डा ईवामुरा अस्पताल | 6 | 1 | 3 |
| आरोग्य अस्पताल | 5 | 2 | |
| मध्यपुर ठिमी अस्पताल | 5 | 3 | 10 |
| नेपाल कोरिया अस्पताल | 4 | 4 | 6 |
| नागरिक अस्पताल | 3 | 1 | |
| समित अस्पताल | 3 | 2 | 6 |
| मानवअंग प्रत्यारोपण केन्द्र | 2 | 2 | 2 |
| सिद्धि मेमोरियल अस्पताल | 1 | 3 | 1 |
| नेपाल नेत्रज्योति अस्पताल | 1 | 1 | |
| जम्मा | 55 | 23 | 38 |



खरिपाटी २०८
बोडे ६८
तेलकोट २३

२९९
क्वारेन्टाइन वेड



कोरोना विशेष - ५ वटा



साधारण- १८ वटा

२३
एम्बुलेन्स

कोभिड-१९ को रोकथाम, नियन्त्रणसम्बन्धी आवश्यक सूचना संकट व्यवस्थापन केन्द्र (CMC) भक्तपुरमा उपलब्ध गराइदिनहुन सबैमा हार्दिक अनुरोध छ।

daobhaktapur@gmail.com

फोन नं ६६१४४३७

Viber or SMS 9840177327

**स्थानीय तह**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जिल्ला समन्वय समितिको कार्यालय | जि.स.अ.जगन्नाथ लामिछाने | ६६१४८२६ | 9851276222 |
| भक्तपुर नगरपालिकाको कार्यालय | प्र.प्र.अ. इन्द्रप्रसाद बस्याल | ६६१००७६ | 9841407373 |
| मध्पुरथिमी नगरपालिका कार्यालय | प्र.प्र.अ.विश्वराज मरासिनी | ६६३१४०५ | 9851190542 |
| चाँगुनारायण नगरपालिका कार्यालय | प्र.प्र.अ.चिरन्जिवी तिम्सिना | 6616611 | ९८५११७७९५५ |
| सूर्यविनायक नगरपालिका कार्यालय | प्र.प्र.अ.कमल ज्ञवाली | ६६१२४४३ | 9851277111 |

**दमकल**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| जुद्ध वारुण यन्त्र कार्यालय | का.प्र. राजनप्रसाद दाहाल | ६६१२३८२ | ९८५११५०९१३ |

**औषधि**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| नेपाल औषधी व्यवसायी संघ | महासचिव विनोद प्र. सापकोटा | 6632107 | 9841288675 |

**बिद्युत तथा टेलिफोन**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| का.उ.खानेपानी लिमिटेड दुधपाटी | शा.प्रमुख सुरेन्द्र हिमालय | ६६१०२३५ | ९८४९१८८२९१ |
| नेपाल टेलिकम भक्तपुर | का.प्र. दिनेशहर्ष बज्राचार्य | ६६१०००० | 9851105570 |
| नेपाल टेलिकम ठिमी | का.प्र. सुरेन्द्र शाह | ६६३३६०० | 9851022176 |
| नेपाल विद्युत प्राधिकरण भक्तपुर | का.प्र. राजकुमार रमण | ६६११०९८ | 9851273714 |
| नेपाल विद्युत प्राधिकरण ठिमी | शाखा प्रबन्धक सुबोध शर्मा | ६६३५३२८ | 9851273715 |

**खाद्यबस्तु आपूर्ती**

| कार्यालय | नाम | कार्यालय | मोबाईल नम्बर |
|---|---|---|---|
| भक्तपुर उद्योग बाणिज्य संघ | का. अ. राजुमान बज्राचार्य | 6614851 | 9841285577 |
| घरेलु तथा साना उद्योग कार्यालय | उ.अ.सुबोध कुमार साह | ५०९२६९६ | ९८५११८५८९२ |

जिल्लास्थित सरकारी स्वास्थ्यसंस्थाका सम्पर्क व्यक्तिहरु


| पद नाम थर | कार्यालय | फोन नं |
|---|---|---|
| मे. अ. डा. निसा राई | सूर्यविनायक नगर अस्पताल | ९८४९२३१५१७ |
| ज.स्वा.नि.स्वस्ती आचार्य | कटुन्जे हे.पो. | ९८४११११७७ |
| ज.स्वा.नि.पुण्य प्र. काफ्ले | वालकोट हे.पो | ९८४१७१५५१३ |
| ज.स्वा.नि.मुकुन्द प्र. चौलागाई | गुण्डु हे.पो. | ९८४४४१२१४३ |
| ज.स्वा.नि.मदन राजथला | सिरुटार हे.पो. | ९८४१३००४५९ |
| सि.अ.हे.ब.राम प्रसाद लम्साल | लोकन्थलि हे.पो. | ९८४१४३०१४३ |
| ज.स्वा.नि.सरोज कूमार राय | ठिमी हे.पो. | ९८४४०५७७२९ |
| ज.स्वा.नि.श्याम कुमार थापा | बालकुमारी हे.पो. | ९८४१४४५५५८ |
| सि.अ.हे.ब.राजन खड्का | सुडाल हे.पो. | ९८६३१९९२४५ |
| हे.अ.बलराम तिमल्सेना | बागेश्वरी हे.पो. | ९८४१३२२६४५ |
| ज.स्वा.नि.लोकेन्द्र बहादुर पौडेल | चागुं प्रा.स्वा.के. | ९८५१०६८९५० |
| सि.अ.हे.ब.बिष्णु थापा | झौखेल हे.पो. | ९८५१०३९४९३ |
| ज.स्वा.नि.हरिनारायण प्रसाद शाह | ताथली हे.पो. | ९८४१३७४४३७ |
| सि.अ.हे.ब.ज्ञानेन्द्र प्रसाद जोशी | दुवाकोट हे.पो. | ९८४९२०८१९० |
| सि.अ.हे.ब.मनोज कुमार मण्डल | नगरकोट हे.पो. | ९८४१६७०३३७ |
| ज.स्वा.नि.दिल कुमार दुवाल | छालिङ्ग हे.पो. | ९८४१३९४०६४ |
| हे.अ.रोजिना थापा | नङ्गखेल हे.पो. | ९८४९२४५२२० |
| सि.अ.हे.ब.उमेश धौभडेल | सिपाडोल हे.पो. | ९८४१३९४६५८ |
| हे.अ.राजेन्द्र फैजु | चित्तपोल हे.पो. | ९८४१२९९५१६ |
| सि.अ.हे.ब.तेज कुमार पुन | नगदेश हे.पो. | ९८६६९०८०२८ |
| ज.स्वा.नि.धन ब. बिष्ट | बोडे हे.पो. | ९८६८७७७०३० |
| हे.अ.मीरा कुमारी सिंह | श.स्वा. के. झौखेल | ९८६०९४३००८ |
| हे.अ.कुमार के.सि. | श.स्वा. के. झाप्रा | ९८५११२९५९० |
| हे.अ.सुदिप आचार्य | श.स्वा. के. ताथगाल | ९८४३२४१५७१ |
| हे.अ.उत्सब सापकोटा | श.स्वा.के.घ्याम्पेडांडा | ९८६०१०८०६१ |
| हे.अ.कमल अछामी | श.स्वा.के. कांक्राबारी | ९८६११३८७८२ |
| अ.न.मि.जमुना काफ्रले | श.स्वा.के. च्यामासिङ | ९८४१६३७६४७ |
| स्टाफ नर्स रचना सुवाल | श.स्वा.के. च्यामासिङ | ९८४११३११४४ |
| स्टाफ नर्स शुसिला प्रजापती | श.स्वा. के. निकोसेरा | ९८४१५३१४३३ |
| हे.अ.अम्बिका प्रजापती | श.स्वा. के. बोडे | ९८४९२०९७११ |
| हे.अ.कमल केशरी राजचल | श.स्वा. के. ब्यासी | ९८४१६९२९५२ |

# विदेशबाट आएका र संकास्पदको व्यक्तिको कोरोना परीक्षण हुँदै

मिति २०७६ सालको चैत्र महिनामा भारतलगायत तेस्रो मुलुकबाट नेपाल प्रवेश गरी हाल भक्तपुरमा रहेका व्यक्तिहरुको परीक्षण भइरहेको छ ।


त्यस्ता व्यक्तिहरुको लगत लिई घरमै क्वारेन्टिनमा बस्न अनुरोध गर्नुका साथै निगरानीमासमेत राखिएको छ । हालसम्म पहिचान भएका वा आफै सम्पर्कमा आएका त्यस्ता व्यक्तिहरुको संख्या ४१४ जना रहेको छ।

सेल्फ क्वारेन्टिनमा वसेको अवधि पूरा भएकालाई ३६६ जनाको कोरोना परीक्षण भएको छ ४८ जनाको परीक्षण बाँकी रहेको छ।





हालसम्म सबै परीक्षणको COVID-19 NEGATIVE पाइएको छ भने बाँकीकोसमेत अवधिका आधारमा परीक्षण गर्ने कार्य भइरहेको छ ।

विदेशबाट आएका कोही व्यक्तिको लगतमा छुट भएको भए वा जरोलगायत कुनै लक्षण देखिएको भए तुरुन्त सम्बन्धित स्थानीय तह, नजिकैको स्वास्थ्यसंस्था वा CMC मा जानकारी गराउनहुनसमेत अनुरोध




# भक्तपुरमा ७३० जनाको कोरोना परीक्षण सम्पन्न सबैको नजिता नेगेटिभ

**Rapid Diagnosis Test (RDT)**



RDT-३९६ परीक्षण

**नजिजा सबै नेगेटिभ**

| अस्पताल/नपा | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 120 | 215 | 335 |
| भक्तपुर न पा | 11 | 16 | 27 |
| मध्यपुर थिमी न पा | 2 | 9 | 11 |
| सुर्यविनायक न पा | 8 | 15 | 23 |
| चाँगुनारायण न पा | 0 | 0 | 0 |
| **जम्मा** | **141** | **255** | **396** |

कोरोनाको लक्षणसँग मिल्दोजुल्दो लक्षण भएका बिरामीहरुको Polymerase Chain Reaction (PCR) र Rapid Diagnostic Test (RDT) परीक्षण गर्ने कार्य भइरहेको छ । २०७७ बैशाख २० गते सम्ममा RDT विधिबाट ३९६ जना र PCR बिधिबाट ३४२ जना गरी कुल ७३८ जनाको परीक्षण भएको छ हालसम्म सबै नतिजा नेगेटिभ देखिएको छ ।

कोरोना प्रभावित हुन सक्ने सबै शंकास्पद व्यक्तिहरुको खोजी र परीक्षण निरन्तर भइरहने छ।

**Polymerase chain reaction (PCR)**



PCR -३४२ परीक्षण

**नतिजा सबै नेगेटिभ**

| अस्पताल | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| भक्तपुर अस्पताल | 96 | 116 | 212 |
| नेपाल कोरिया मैत्री अस्पताल | 52 | 78 | 130 |
| **जम्मा** | **148** | **194** | **342** |

रुघा खोकी र फ्लू जस्तो लक्षण देखिएमा तुरुन्त स्वास्थ्यकर्मीको परामर्श लिऔं ।

### इँटा भट्टाका मजदुरहरू भट्टा मै वस्ने

भक्तपुरका ईट्टा भट्टाहरुमा काम गर्ने मजदुरहरुको रोजगारी नभएको अवस्थामा दैनिक खाना वस्र समेत समस्या भएको हुँदा CMC को संयोजनामा व्यवस्थापन गरिएको छ । रोजगारदाताहरुसंग छलफल गरी खान वस्ने व्यवस्था मिलाइएको छ । यस पूर्व नै विभिन्न मितिमा अधिकांश त्यस्ता मजदुरहरुलाई घर पठाइ सकिएको थियो । भक्तपुर जिल्लामा बाँकी रहेका इटाभट्टाहरुमा कार्यरत १३२३ जना नेपाली र २९४० जना भारतीय कामदारहरु लाई व्यवस्थापन गरिएको हो ।

### भक्तपुरमा खाद्य सामग्री पर्याप्त

**किनमेलमा स्वास्थ्य सतर्कता**

भक्तपुरका बजारमा दैनिक उपभोग्य खाद्यान्न वस्तुहरुको संचिति पर्याप्त रहेको देखिएको छ । ठुलो संख्यामा भक्तपुरबाट मानिसहरु वाहिरिएको, आपूर्ती व्यवस्थापनमा सवै क्षेत्रबाट भएको सहयोगका कारण खाद्यवस्तुहरु सहज रुपमा प्राप्त भईरहेको छ । भक्तपुरको स्थानीय तह, सुरक्षा निकाय र घरेलु तथा साना उद्योग कार्यालयमार्फत आपूर्ती व्यवस्थापन सहज वनाउन निरन्तर रुपमा बजार अनुगमन भैरहेको छ ।

## चागुनारायण नगरपालिकामा
## खाद्यान्नका लागि रोगजार कार्यक्रम

कोभिड १९ को महामारीले गर्दा जारी बन्दाबन्दीमा जिविकोपार्जन गर्न कठिनाइ परेका व्यक्तिका लागि लक्ष्यित गरी नगरपालिकाले खाधान्नका लागि रोजगार कार्यक्रम सञ्चालन गर्ने भएको छ । यसका लागि चागुनारायण नगरपालिकाले मिति २०७७/०१/१७ बाट खाधान्नका लागि रोजगार कार्यक्रम सञ्चालन कार्यविधि, २०७७ लागू गरेको छ ।

विभिन्न विपन्न परिवारहरु, रोजगारी गुमाएका व्यक्तिहरु, कामदारहरु, श्रमिकहरुलगायतका व्यक्तिहरुमा आफ्नो तथा परिवारको जिविकोपार्जन गर्न कठिनाई परेकाले व्यक्ति तथा परिवारहरुमा रोजगारीमार्फत नागरिकहरुलाई दैनिक जिविकोपार्जन गर्न सहज बनाउनका लागि रोजगारी गुमाएका परिवारहरुलाई लक्षित गरी खाधान्नका लागि पारिश्रमिक उपलब्ध गराउने भएको हो ।

नगरपालिकाले दैनिक ज्याला मजदुरी गरी जिबिकोपार्जन गर्ने परिवारहरुको लगत संकलन गर्नका लागि सार्वजनिक सूचना निकालेपछि त्यस्ता व्यक्तिहरुले सम्बन्धित वडा कार्यालय, प्रतिनिधि तथा कर्मचारीलाई आफ्नो नाम टिपाउनु पर्नेछ । वडा कार्यालयले जे बुझ्नु पर्ने हो सो बुझी वडा समितिबाट निर्णय गराई लगत तयार गर्नेछ ।

वडा कार्यालयले कामका लागि श्रम गर्न सक्ने र नसक्नेको सूचि तयार गर्ने र प्रत्येक परिवारको संख्याका आधारमा न्युनतम ५ पाँच जनामा एक जनालाई पर्ने गरी औसत एक जनालाई रौजगारी प्रदान गर्न सक्ने कार्यविधिमा उल्लेख रहेको छ ।

सम्बन्धित वडाले श्रमिकलाई सिफारिश भएको योजनामा कार्य लगाउने तथा श्रमिकहरुको संख्या लागत अनुमानमा भएको श्रमिकहरुको संख्या भन्दा बढी भएमा एक परिवारको हकमा एक जनालाई हप्ताको न्युनतम दुई दिन रोजगारी उपलब्ध गराउने व्यवस्था गरिएको छ ।

## लकडाउनको पालना प्रभावकारी

कोरोना भाइरसको प्रकोपको सतर्कताका लागि नेपाल सरकारले मिति २०७६।१२।१० वाट सुरु भएको लकडाउनको अवधि पछिल्लो पटक २०७७ बैशाख २५ गतेसम्मका लागि कायम रहेको छ । लकडाउनको परिपालनाका लागि जिल्लावासीको उल्लेख्य समर्थन रहेको छ ।

भिड नियन्त्रण र बजार व्यवस्थापन गर्ने सुरक्षा निकायले स्थानीय तहसँग समन्वय गरी अझ कडाई गर्ने भनी CMC भक्तपुरबाट निर्णय भएअनुसार मानिसको हिडडुललाई नियन्त्रण गर्न थप सुरक्षाकर्मीहरु परिचालन गरिएको छ।

जिल्लामा रहेको अरनिको राजमार्गको साँगादेखि मनोहरापुल खण्डमा सुरक्षाजाँचलाई बाक्लो बनाइएको छ । भित्री सडक तथा वस्तीहरुमा सुरक्षा गस्तीको संख्या बढाइएको छ ।

जिल्लाका महत्वपूर्ण व्यक्तिहरु, अस्पताल तथा एम्बुलेन्सहरुको सम्पर्क नम्बर daobhaktapur.moha.gov.np तथा कार्यालयको फेसबुकबाट प्राप्त गर्न सकिन्छ ।

प्रकाशक

नेपाल सरकार
गृह मन्त्रालय
**जिल्ला प्रशासन कार्यालय भक्तपुर**

**संकट व्यवस्थापन केन्द्र भक्तपुर**
**Crisis Management Center (CMC) Bhaktapur**

ईमेलः daobhaktapur@gmail.com फोन नं ६६१७४३७
CMC का पदाधिकारीहरुलाई मोवाइलबाटसमेत सम्पर्क गर्न सकिन्छ ।

facebook/daobhaktapur
पेज फलो गरी नियमित रुपमा नोटिफिकेशन प्राप्त गर्न सकिन्छ ।

twitter/daobhaktapur

www.daobhaktapur.moha.gov.np भित्र कोभिड १९ CMC मेनु

Crisis Management Center (CMC) भक्तपुर सचिवालयद्वारा तयार गरिएको, Focal Person **रविन्द्र गौतम Viber 9840177327**